सिद्धलेक गाँउपालिका
# गाँउ कार्यपालिकाको कार्यालय
बुढिङ्ग, धादिङ
बागमती प्रदेश, नेपाल

Email: info@siddhalekmun.gov.np
website: siddhalekmun.gov.np

आ ब : २०८१/०८२
च.नं.: ८८१

मिति:२०८१।०८।१९

**विषय: पालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुने बारे।**

श्री माध्यमिक विद्यालयहरु सबै
सिद्धलेक गाउँपालिका, धादिङ।

प्रस्तुत विषयमा यस सिद्धलेक गाउँपालिकाको आयोजनामा पालिका स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता-२०८१ तपसिल बमोजिम सञ्चालन हुने भएकोले सम्बन्धित विद्यालयहरुले खेलाडी छनौट गरी तोकिएको ढाँचाको निवेदन सहित प्रतियोगितामा सहभागीको लागि हार्दिक अनुरोध छ।

**तपसिल**

प्रतियोगिता सञ्चालन हुने मितिः २०८१।०८।२८ देखि २०८१।०८।३० गते
स्थानः नलाङपात्ले माध्यमिक विद्यालयको प्राङ्गण, सिद्धलेक -२,खिर्रे

**सञ्चालन हुने खेलहरुः**

१. भलिवल (छात्र/छात्रा)
२. कबड्डी (छात्र/छात्रा)
३. एथलेटिक्स (दौड तर्फ): छात्र/छात्रा
एकलः१००मि., २००मि.,४००मि.,८००मि.,१५००मि र ३००० मि
रिलेः ४x१००मि. र ४x४०० मि.
४. फिल्ड तर्फः-
छात्रः हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ८०० ग्राम, सटपुट १२ पाउन्ड
छात्राः हाइजम्प, लङजम्प, त्रिपलजम्प, ज्याभलिङ थ्रो ६०० ग्राम, सटपुट ८ पाउन्ड

..............................
(मेनुका बास्कोटा)
शिक्षा अधिकृत

**सहभागी विद्यालयहरुले पालना गर्नुपर्ने आचारसंहिताः**

- विद्यालयले खेलमा विद्यार्थी सहभागी गराउँदा विद्यालयमा भर्ना भई नियमित अध्ययन गरिरहेका विद्यार्थीहरुले तोकिएको ढाँचामा निवेदन सहित जन्मदर्ता वा नागरिकताको प्रतिलिपि अनिवार्य रुपमा पेस गर्नु पर्नेछ। सम्पूर्ण खेलहरु राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० (पाँचौ संशोधन) बमोजिम सञ्चालन हुनेछ।
- खेलाडीहरुको सहभागीताको निवेदन लगायत अन्य कागजात मिति २०८१ मंसिर २५ गते भित्र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा अनिवार्यरुपमा पेस गर्नु पर्नेछ।
- खेलमा सहभागी हुने खेलाडीको उमेर मिति २०८१ मंसिर २७ गते सम्म १८ वर्ष पुरा नभएको हुनुपर्नेछ। खेलाडीको उमेर लगायत अन्य कागजात र विवरण झुट्टा भएको प्रमाणित भएमा उक्त खेलबाट सम्बन्धित खेलाडी तथा टिम बाहिरिने छ। जसको जिम्मेवार स्वयम् प्रधानाध्यापक तथा खेल शिक्षक हुनेछ।
- सामुहिक खेलमा सहभागी भएका विद्यार्थी खेलाडीहरुले अन्य विधाका खेलमा सहभागी हुन पाइने छैन।
- खेल सहभागीतामा one field two track, two field one track तर यो नियम रिलेमा लागु हुने छैन।

Scanned with CamScanner